# माछापुच्छ्रे बैंक लिमिटेडको
# तेइसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७८/०६/२० गते बसेको संचालक समितिको ४५२ औं बैठकको निर्णयानुसार भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत समेत सहभागि हुन सकिने गरी कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको तेइसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय :

**मिति** : मिति २०७८/०७/२६ गते शुक्रबार, (तदनुसार ई.सं. १२ नोभेम्बर, २०२१)
**समय** : विहान ११:०० बजे ।
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की ।

## ३. उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

(क) डा. बिरेन्द्र प्रसाद महतो - अध्यक्ष
(ख) श्री रोशन के.सी. - सञ्चालक
(ग) श्री जय मुकुन्द खनाल - सञ्चालक
(घ) श्री मुकुन्द महत - सञ्चालक/लेखापरीक्षण समितिका संयोजक
(ङ) श्री विश्व प्रकाश गौतम - सञ्चालक
(च) श्री हरिभक्त सिग्देल - सञ्चालक
(छ) श्री बन्दना कार्की - सञ्चालक

### व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :

(क) श्री सन्तोष कोईराला - प्रमुख कार्यकारी अधिकृत
(ख) श्री सर्जु कुमार थापा - नायव महाप्रबन्धक (व्यवसाय)
(ग) श्री विश्वम्भर न्यौपाने - नायव महाप्रबन्धक (संचालन)
(घ) श्री प्रसिद्ध अर्याल - सहायक महाप्रबन्धक (व्यवसाय)
(ङ) श्री टिका भट्टराई - प्रमुख व्यवसाय अधिकृत/कम्पनी सचिव
(च) श्री सुभाष जमरकट्टेल - प्रमुख कर्पोरेट तथा पूर्वाधार कर्जा विभाग
(छ) श्री खगेन्द्र पौडेल - नायव प्रमुख, वित्त तथा योजना विभाग
(ज) श्री सुरेन्द्र पाठक - प्रमुख आन्तरिक लेखापरीक्षण विभाग

### आमन्त्रितहरूको उपस्थिति :

(क) श्री सुनिर ढुंगेल - एस.ए.आर. एशोसिएट्स, लेखापरीक्षक
(ख) श्री बालकृष्ण ढकाल - कानुनी सल्लाहकार
(ग) श्री तुलसीराम गैरे - उप रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय
(घ) श्री कमल प्रसाद निरौला - ना.सु., कम्पनी रजिष्ट्रारको कार्यालय

Machhapuchchhre Bank Ltd. Head Office

## सेयरधनीहरुको उपस्थिति :

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | १२८ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | ४१ जना |
| | **जम्मा उपस्थिती** | - | **१६९ जना** |

## ४. सभाको सुचना :

तेइसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संचालक समितिको प्रतिवेदन, आ.ब. २०७७/७८ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु सेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै संक्षिप्त आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना मिति २०७८ आश्विन २१ गतेको आर्थिक अभियान र कार्तिक १ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो भने पोखराबाट प्रकाशित हुने आदर्श समाज दैनिकमा कार्तिक २४ गते र समाधान दैनिकमा कार्तिक २५ गते प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.machbank.com मा समेत राखी सेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो । साथै, साधारण सभाको सूचना तथा संचालक समितिको प्रतिवेदन सहितको विस्तृत वार्षिक प्रतिवेदन उपलब्ध भएसम्म सेयरधनीहरुको ईमेल ठेगानामा समेत पठाईएको थियो ।

## ५. सभामा भएका छलफलका विषयहरु :

### क. सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड, इक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।
३. आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. ६,३३,७१,६३२.०० (अर्थात चुक्ता पूँजीको ०.७० प्रतिशतका दरले) नगद लाभांश (बोनस सेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।
५. संचालक समितिमा रिक्त रहेको संचालक पदमा संचालक समितिले साविक संचालकको बाँकी कार्यकालसम्मको लागि गरेको संचालकहरुको नियुक्ती अनुमोदन गर्ने ।

### ख. विशेष प्रस्ताव :

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार सेयरधनीहरुलाई रु. १,२०,४०,६१,०००.०० (अर्थात चुक्तापूँजीको १३.३० प्रतिशत) बराबरको बोनस सेयर वितरण गर्न स्वीकृत गर्ने ।
२. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन ( मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लाग मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
३. निम्न विषयहरुका सम्बन्धमा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल



MachhapuchchhreBank Ltd. Head Office

धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने,

(क) बैंकको अधिकृत पूँजी बृद्धि गरी रु. १५,००,००,००,०००/- (रु. पन्ध्र अर्ब) पुऱ्याउने र विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस सेयरको हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने,

(ख) संचालक समितिका अध्यक्ष र सदस्यको वैठक भत्ता बृद्धि गरी प्रति वैठक क्रमसः रु. २०,०००/- र रु. १७,०००/- कायम गर्ने र मोवाईल, पत्र पत्रिका र ईन्टरनेट खर्च बृद्धि गरी प्रति सदस्य मासिक रु. १५,०००/- कायम गर्ने,

(ग) संचालकहरुको लागि रु. १,२५,०००/- सम्मको औषधी उपचार बीमा गराईने,

ग. **बिविध ।** (विविध अन्तर्गत केही विषय नभएको)

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल सेयरधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा सेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको सेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ४९,७९९ (क र ख समुह) | १६९ (स्वयं १२८ जना र प्रतिनिधिपत्रद्धारा ४१ जना) | ५४,२६८,०९६ | ५९.९४% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ५९.९४% प्रतिशत सेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा सेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

साधारण सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापतिज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कारवाही अगाडि बढ्यो ।

## ८. संचालक श्री जय मुकुन्द खनालज्यूबाट स्वागत मन्तव्य :

बैंकका संचालक श्री जय मुकुन्द खनालज्यूले बैंकको यस तेइसौं बार्षिक साधारण सभामा भौतिकरुपमा, प्रतिनिधिपत्र मार्फत तथा अभौतिक रुपमा सूचना प्रविधिको माध्यमबाट सहभागी हुनु भएका सम्पूर्ण सेयरधनी महानुभावहरु, आमन्त्रित अथिति महानुभावहरुलाई बैंक तथा संचालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नु भयो । चार बर्ष अघि बिषेश साधारण सभा गर्दा सेयरधनीहरुको आग्रह अनुसार साधारण सभा पोखरामा गर्ने गरी काठमाडौंमा प्रधान कार्यालय सारेर लैजान भएको निर्देशन बमोजिम हामी पुनः पोखरामा साधारण सभा गर्न उपस्थित भएका छौं । पोखरामा साधारण सभा गर्ने



Machhapuchchhre Bank Ltd. Head Office

बैंकको निवेदनलाई कम्पनी रजिस्ट्रारको कार्यालयबाट सकारात्मक रुपमा लिई अनुमति प्रदान गर्नु भएकाले शेयधनीहरुको तर्फबाट कम्पनी रजिष्ट्रारको कार्यालयलाई धन्यवाद ज्ञापन गर्दछौं ।

माछापुच्छ्रे बैंकका पूर्व अध्यक्ष माननिय सूर्य बहादुर के.सी.को सम्झनामा माछापुच्छ्रे बैंकको परिसरमा उहाँकै परिवारको व्ययभारमा अर्धकदको शालिक स्थापना गरी उहाँको योगदानलाई स्मरण गरिएको छ । अहिले सम्मको प्रगति विवरण पेश गर्ने क्रममा बैंकका १६२ शाखा, १७६ शाखा रहित बैंकिङ्ग संचालन भएको, २०२ वटा एटिएम काउण्टर र ७ बटा एक्सटेन्सन काउण्टरबाट माछापुच्छ्रे बैंकको सेवा प्रदान गर्दै आएका छौं । हालसम्ममा बैंकले रु. १ खर्ब २९ करोड रकमको कर्जा जारी गरेका छौं भने रु. १ खर्ब ३४ करोड रकमको निक्षेप संकलन गरेका छौं । अघिल्लो बर्षको मुनाफाबाट १४ प्रतिशतका दरले लाभांश बाड्न सफल भएका छौं । तथ्याङ्क अनुसार २४ बटा बैंक मध्ये लाभांश बाँड्ने एघारौं स्थानमा, इक्वीटी रिर्टनमा आठौं स्थानमा, मुनाफामा पन्ध्रौं स्थानमा, सेयरको हिसाबमा उन्नाईसौं स्थानमा बैंक रहन सफल भएकोले हामी सबल र सुदृढ हुँदै गएका छौं ।

बैंकको संचालक र संचालक समितिको तर्फबाट यस साधारणसभा मार्फत वा भावी दिनहरुमा समेत सेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएका/गराउनु हुने सुझाव सल्लाहलाई शिरोपर गरी अगाडि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्दै सम्पूर्ण सेयरधनी महानुभावहरुलाई पुनः यस बार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो ।

## ९. <u>सभाका सभापतिज्यूबाट मन्तव्य सहित संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :</u>

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति डा. बिरेन्द्र प्रसाद महतोज्यूले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान विवरण, नाफा नोक्सान बाँडफाँड, इक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि पेश भएका विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

## १०. <u>वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :</u>

छलफलको क्रममा भाग लिने निम्न सेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

### १. श्री अशोक उप्रेती

१. बैंकले प्रस्ताव गरेको बोनस सेयरको लागि धन्यवाद ।
२. पूर्व अध्यक्ष स्व. सूर्य बहादुर के.सी. को शालिक अनावरणको खबरले खुसी लागेको छ ।
३. बैंकको पच्चीसौं बार्षिक साधारण सभा भव्य रुपमा आयोजना गर्नुपर्ने ।
४. बैंकमा गरेको लगानीको प्रतिफल आउन लामो समय लाग्ने भएको हुँदा छिटो मुनाफा आर्जन गर्ने तर्फ लाग्न नहुने ।
५. बैंकले बैंकिङ्ग कारोबार मात्र गर्ने हो, अन्य कारोबार तिर लाग्न हुँदैन ।
६. अघिल्लो साधारण सभाको तस्बिरहरु बार्षिक प्रतिबेदनमा राख्नु उपयुक्त हुने ।



MachhapuchchhreBank Ltd. Head Office

## २. श्री श्रीराम गौतम

१. बैंकको ब्याज आम्दानी २ प्रतिशतले कम रहेको र कर्मचारी खर्च १८ प्रतिशतले बृद्धि भएको हुँदा सो सम्बन्धमा ध्यान दिनु पर्ने ।
२. कर्जा नोक्सानी व्यवस्थाको सम्बन्धमा स्पष्ट पार्नु पर्ने ।
३. निस्कृय कर्जा कम गर्दै जान पहल गर्नु पर्ने ।
४. विदेशी बैंकसंग प्रतिस्पर्धाको लागि स्थायी रणनीति बनाएर अघि बढ्नु पर्ने ।
५. ग्राहक सेवाको सुधृढिकरणमा बैंकले बिशेष ध्यान पुऱ्याउने ।
६. साइबर अपराध, ह्याकिङबाट जोगिन बैंकले प्राविधिक पूर्वाधारमा पर्याप्त लगानी गर्ने ।

## ३. श्री अमृत दास रंजित

१. बोनश सेयर दिन सकेकोमा धन्यवाद दिँदै बैंकको व्यवसाय तथा मुनाफा अभिबृद्धि गर्दै भविष्यमा २० प्रतिशत लाभांश बाड्न सक्षम बन्नु पर्ने ।
२. खराब कर्जाको बारेमा बार्षिक प्रतिबेदनमा उल्लेखित गर्ने र निष्कृय कर्जा बृद्धि नहुने गरी काम गर्नु पर्ने ।
३. संस्थागत समाजिक उत्तरदायित्वमा समाजमा सकारात्मक प्रभाव पार्ने ठूला कार्यहरुमा खर्च गर्नु पर्ने ।
४. मर्जरका सम्बन्धमा हालसम्म के कस्ता कार्यहरु भएका छन् ।
५. चालु आर्थिक बर्षमा निक्षेप घटेको देखिएको हुँदा त्यस तर्फ ध्यान दिनु पर्ने ।

## ४. श्री अमृत रेग्मी

१. पूर्व अध्यक्ष स्व. सूर्य बहादुर के.सी. को शालिक अनावरणको खबरले खुसी लागेको ।
२. बैंकको खुद नाफा कम्तिमा पनि रु. २ अर्बभन्दा बढी हुनु पर्ने र बैंकको खुद नाफाको लक्ष्य रु. ४ अर्ब कायम गर्नु पर्ने ।
३. बैंकले २, ३ वटा "क" बर्गका बैंक तथा बित्तिय संस्थाको मुल्यांकन गरेर मर्जरतर्फ़ बिशेष ध्यान पुऱ्याउने ।
४. संचालक समितीको भत्ता बढाउनु आवश्यक तर वैठक संख्या कम गर्नु पर्ने ।

## ५. श्री सृजना तिम्सिना

१. मर्जर सम्बन्धमा हालसम्म के के प्रगति भएका छन् र भविष्यमा कसरी अगाडि बढ्ने हो, स्पष्ट कार्ययोजना बनाएर अगाडि बढ्नु पर्ने ।
२. बैंकले सेयरधनीहरुबाट के अपेक्षा गरेको छ ।
३. सेयरधनीहरुबाट सुझाव सल्लाह लिन अलग्गै Suggesion Box को व्यवस्था गर्नु पर्ने ।
४. कर्जा प्रवाह गर्दा भविष्यमा कर्जा नउठ्ने सम्भावनाका सम्बन्धमा समेत सचेत हुनु पर्छ ।

## ६. श्री लवराज जोशी

१. बैंकका पूर्व अध्यक्ष स्व. सूर्य बहादुर के.सी. को अतुलनीय योगदानको करद गर्दै श्रद्धाशुमन व्यक्त ।
२. घोषणा गरिएको बोनस सेयर मेहनत र परिश्रमबाट आएको प्रतिफल हो । संचालक समिति र व्यवस्थापनलाई धन्यवाद ।
३. हाल बैंकिङ्ग क्षेत्रमा देखिएको Deposit Crisis को कुसलतापूर्वक व्यवस्था गर्नु पर्ने ।



MachhapuchchhreBank Ltd. Head Office

७. श्री कृष्ण प्रसाद अधिकारी

१. बैंकमा ४२ प्रतिशत महिला कर्मचारी भएकोमा खुसी व्यक्त गर्दै यसलाई बढाएर ५० प्रतिशत पुऱ्याउनु पर्ने ।
२. बैंक २०५७ सालदेखि संचालनमा आएकोमा कसरी २३ औं बार्षिक साधारण सभा भएको हो ।
३. बैंकबाट नगद लाभांश लिन बाँकी रहेको रकमका सम्बन्धमा जानकारी दिनु पर्ने ।
४. बार्षिक प्रतिवेदनलाई नेपाली भाषामा प्रकाशित गर्नु उपयुक्त हुने ।

८. श्री उद्धव घिमिरे

१. बैंक स्थापनाको २५ बर्ष हुन लागेको हुँदा रजत जयन्ती मनाउनु पर्ने ।
२. बोनस सेयर प्रस्ताव गरेको स्वागतयोग्य छ ।
३. मर्जर एक्विजिसन्लाई प्राथमिकताका साथ अगाडि बढाउनु पर्ने ।
४. बैंकले विदेशी मुद्राको संचिती बढाउनु पर्ने र विदेशी मुद्रा विनियमको आम्दानी बढाउनु पर्ने ।
५. संस्थागत सुशासनलाई ध्यान दिनु पर्ने ।

९. श्री रोजकुमार श्रेष्ठ

१. बोनस सेयर प्रस्ताव गरेको स्वागतयोग्य छ ।
२. बैंकले रु. ४ अर्ब मुनाफाको लक्ष्य लिएर अगाडि बढ्नु पर्ने ।
३. हाल बैंकिङ्ग क्षेत्रमा देखिएको Deposit Crisis को कुसलतापूर्वक व्यवस्था गर्नु पर्ने ।
४. बैंकको प्रगतिको कामना ।

१०. श्री शिव पौडेल

१. बैंक वित्तीय सुशासनमा अब्बल भएको र यसलाई अझ मजबुद बनाउँदै जानु पर्छ ।
२. बोनस सेयर प्रस्ताव गरेको स्वागतयोग्य छ ।
३. साधारण सभाले निर्णय गरे अनुसारको लाभांश यथाशिघ्र वितरण गर्नु पर्ने ।
४. बैंकले प्रविधिमा लगानी बढाउनु पर्ने ।
५. बैंकले आफ्नो २५ औं बार्षिक साधारण सभा भब्य रुपमा मनाउनु पर्ने ।
६. साना बैंक तथा वित्तीय संस्थालाई मर्जर वा एक्विजिसन् गर्नु पर्ने ।

११. श्री चन्द्र नारायण श्रेष्ठ

१. बैंकको औसतभन्दा बढी EPS भएकोमा बैंकलाई धन्यवाद ।
२. निक्षेपको लागत घटाउनु पर्ने र निक्षेप बढाउनु पर्ने ।
३. यथाशक्य चाँडो बोनस् शेयस वितरण गर्नु पर्ने ।

१२. श्री अमर अधिकारी

१. बार्षिक प्रतिवेदन सयम मै सबै सेयरधनीले पाउने व्यवस्था गर्नु पर्ने ।
२. मर्जर/एक्विजसन् लगायत बोनस सेयर/हकप्रद सेयर दिएर भएपनि पूँजी बृद्धि गर्दै जानु पर्ने ।
३. संचालकको भत्ता बृद्धि उपयुक्त भएको र संचालक समितिको वैठकलाई उपलब्धिमूलक बनाउनु पर्ने ।
४. बैंकले प्रदान गर्ने सेवा तथा कर्जा स्वीकृति प्रकृयामा अधिक समय लगाउने गरेको हुँदा सो तर्फ विशेष ध्यान दिनु पर्ने ।
५. एकै प्रदेशमा ३ जना प्रदेश प्रमुख राख्नुको आवश्यकता के हो ।
६. बार्षिक प्रतिवेदनमा विभागीय प्रमुखहरुको सम्पर्क नम्बर किन नराखिएको हो ।



MachhapuchchhreBank Ltd. Head Office

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइरालाले दिनु भएको प्रत्युत्तर :**

सेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एवं महत्वपूर्ण सुझाव तथा सल्लाह दिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

(१) सबल उत्कृष्ट एवं विस्तारित भन्ने मूल नाराका साथ देशका सातै प्रदेशमा १६२ वटा शाखा कार्यालय, १७५ शाखारहित बैंकिङ्ग सेवा, ७ एक्टेन्सन काउण्टर, २०३ एटिएम संजाल मार्फत १५०० भन्दा बढि कर्मचारीद्वारा ११ लाख भन्दा बढि सन्तुष्ट ग्राहकहरुलाई उत्कृष्ट सेवा प्रदान गरिरहेको ।

(२) बैंकले विगत २१ वर्षदेखि प्रयोगमा रहेको टेमेनस बैंकिंङ्ग सफ्टवेयरलाई प्रतिस्थापन गरी फिनाकल बैंकिङ्ग सिस्टमको अत्याधुनिक भर्सनमा सफलतापूर्वक अपग्रेड गरिएको ।

(३) नेपालमा बैंकिङ्ग क्षेत्र कै पहिलो डिजिटल वालेट Remitap पनि हामीले शुरु गरेका छौं । Remitap ले मुख्य रुपमा आन्तरिक तथा वैदेशिक रेमिट्यान्सलाई डिजिटाइज गर्नेछ भने देश भित्र हुने डिजिटल भुक्तानीहरुलाई पनि सहज बनाएको छ ।

(४) अनलाईन डिम्याट खाता खोल्ने, अनलाईन कर्जा आवेदन गर्ने लगायतका नवीनतम सुविधाहरु पनि हामीले शुरु गरिसकेका छौं ।

(५) बैंक Trust, faith र Honesty मा चल्ने संस्था भएको हुँदा सोलाई निरन्तररुपमा कायम राख्ने छौं ।

(६) बैंकको २५ औं बार्षिक साधारण सभा भव्य रुपमा गर्ने सुझावका सम्बन्धमा छलफल गर्नेछौं ।

(७) बैंकले आफ्नो कारोबार २०५७ देखि शुरु गरेपनि कम्पनी रजिष्ट्रारको कायालयमा २०५४ मा नै दर्ता भएको हुँदा बार्षिक साधारण सभा २३ औं भएको हो ।

(८) बोनश सेयर प्रकृया पूरा गरेर यथाशिघ्र चाँडो वितरण गर्नेछौं ।

(९) बैंकले बार्षिक प्रतिवेदन प्रत्येक सेयरधनीलाई उपलब्ध भएसम्म ईमेल ठेगानामा विद्युतीय माध्यमबाट पठाईएको र बैंकको वेवसाईटमा समेत उपलब्ध गराईएको थियो ।

(१०) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत संचालित ठूला परियोजनाहरुमा गंगालाल हस्पिटलमा कोरोना विशेष वार्डको स्थापना गरिएको र निकट भविष्यमा नै संचालनमा आउने ।

(११) समग्र बैंकिङ्ग क्षेत्रमा नै Liquidity Crisis ले असर पारेको भएतापनि बैंकले हालसम्म सफलतापूर्वक सिडी रेसियो नियामक निकायले तोकेको सिमा भित्रै राख्दै आएको छ ।

(१२) बैंकले संस्थागत सुशासनलाई कायम राख्दै व्यवसाय अभिबृद्धि गर्ने र सेयरधनीहरुको अपेक्षा अनुरुप मुनाफा बृद्धि गर्दै जाने छौं ।

(१३) मर्जर तथा एक्विजसनको लागि बैंकले संचालकको संयोजकत्वमा समिति नै गठन गरेर छलफललाई निरन्तरता दिएका छौं ।

(१४) सेयरधनी तथा ग्राहकहरुबाट सुझाव एवं सल्लाहहरु लिन प्रत्येक शाखाहरुमा सुझाव बाकसको व्यवस्था गरेका छौं । सोका अतिरिक्त ईमेल, फोन, पत्र, च्याटवक्स् लगायत अन्य जुनसुकै माध्यमबाट प्राप्त सुझाव सल्लाहरुलाई पनि बैंकले सकारात्मक रुपमा लिई सुधार गर्ने र समय मै जानकारी गराउने व्यवस्था गरेका छौं ।

(१५) सेयरधनीहरुबाट सुझाव तथा सल्लाह निरन्तर रुपम पाउँदै आएका छौं र भविष्यमा पनि थप सुझाव सल्लाहरुको अपेक्षा गर्दछौं ।

(१६) सेयरधनीहरुले लिन बाँकी लाभांशको विवरण बैंकको वेवसाईटमा राखिएको हुन्छ र सोको आधारमा सम्बन्धित सेयरधनीले बैंकमा आफ्नो लिन बाँकी लाभांश बुझि लिन सक्नु हुन्छ ।



Machhapuchchhre Bank Ltd. Head Office

## ११. सभाको निर्णय :

क. **सामान्य प्रस्ताव :**

१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड, इक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतीज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. प्रस्ताव नं. ३ बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखापरीक्षण समितिले कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) मा भएको व्यवस्था एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ (ङ) मा भएको व्यवस्था बमोजिम तीन जना लेखापरीक्षकको नाम सिफारिस गर्नु पर्ने सम्बन्धमा लेखा परिक्षण समितिबाट माग भए अनुसार बैंकमा प्राप्त भएका प्रस्तावहरुको प्राविधिक मूल्याँकनका आधारमा अध्ययन गर्दा बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरुको संख्या, अन्य कर्मचारीहरुको संख्या, योग्याता र अनुभव, आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति, लेखापरीक्षण शुल्क आदि समेतको आधारमा सिफारिस भएका तीनवटा फर्महरु S.A.R. Associates, P.J.P.N. & Company र Sujan Kafle & Associates मध्येबाट आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit Report (LFAR) तयारी, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण, संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण लगायत बाह्य लेखापरीक्षकले गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि कूल लेखापरीक्षण शुल्क रु. २०,००,०००/– मात्र (मुल्य अभिबृद्धि कर बाहेक तथा अन्य अत्यावश्यक खर्च यसैमा समावेश) पारिश्रमिक दिने गरी बाह्य लेखापरिक्षक नियुक्ती गर्न सभापतिज्यूको अनुमतिले लेखापरीक्षण समितिको तर्फबाट लेखापरीक्षण समितिका संयोजक श्री मुकुन्द महतज्यूले बार्षिक साधारण सभामा प्रस्ताव पेश गर्नु भयो ।

उल्लेखित प्रस्ताव उपर सभामा विस्तृत छलफल भई उल्लेखित ३ वटा फर्महरुले प्रस्ताव गरेको पारिश्रमिक तथा बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरुको संख्या, अन्य कर्मचारीहरुको संख्या, योग्यता र अनुभव, आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति आदि समेतका आधारमा मूल्यांकन गर्दा S.A.R. Associates उत्कृष्ट देखिएको हुँदा सोही फर्म अर्थात S.A.R. Associates लाई प्रस्ताव बमोजिम कूल लेखापरीक्षण शुल्क रु. २०,००,०००/– मात्र (मुल्य अभिबृद्धि कर बाहेक तथा अन्य अत्यावश्यक खर्च यसैमा समावेश) पारिश्रमिक दिने गरी आर्थिक वर्ष २०७८/७९ को लागि बैंकको वाह्य लेखापरीक्षकमा नियुक्ती गर्न सर्वसम्मतिबाट पारित गरियो ।

४. प्रस्ताव नं ४ बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस सेयर तथा नगद लाभांशमा लाग्ने कर सहित रु. ६,३३,७१,६३२.०० (अर्थात चुक्ता पूँजीको ०.७० प्रतिशतका दरले) नगद लाभांश वितरण गर्न पारित गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. प्रस्ताव नं ५ बमोजिम संचालक समितिमा संस्थापक सेयरधनीहरुको तर्फबाट नियुक्त हुनु भएका साविक संचालक श्री गोपी कृष्ण न्यौपाने र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट नियुक्त हुनु भएका



Machhapuchchhre Bank Ltd. Head Office

साविक संचालक श्रीमती सिर्जना कार्की भट्टराईले आफ्नो कार्यव्यस्थताका कारण संचालक पदबाट राजिनामा दिनु भएको हुँदा संचालक समितिले संस्थापक सेयरधनी श्री रामजानकी ईन्भेष्टमेण्ट एण्ड पेट्रोलियम सप्लायर्स प्रा.लि. का तर्फबाट प्रतिनिधित्व गर्ने गरी श्री हरिभक्त सिग्देललाई र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट श्रीमती बन्दना कार्कीलाई साविक संचालकहरुको बाँकी कार्यकालसम्मको लागि संचालक पदमा नियुक्त गरेको हुँदा सोलाई अनुमोदन गर्ने प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**ख. विशेष प्रस्ताव :**

१. विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार सेयरधनीहरुलाई रु. १,२०,४०,६१,०००.०० (अर्थात चुक्तापूँजीको १३.३० प्रतिशत) बोनस सेयर वितरण गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. विशेष प्रस्ताव नं २ बमोजिम माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लाग मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

३. विशेष प्रस्ताव नं ३ बमोजिम निम्न विषयहरुका सम्बन्धमा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि सभापतिज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्धपत्र**

**दफा ५(क)** : बैंकको अधिकृत पूंजी रू.१५,००,००,००,०००/- (अक्षेरुपी पन्ध्र अर्ब मात्र) हुनेछ । सो पूंजीलाई रु.१००/- का दरले १५,००,००,००० (पन्ध्र करोड थान) साधारण सेयरमा बिभाजित गरिएको छ ।

**दफा ५(ख)** : बैंकले तत्काल जारी गर्ने सेयर पूँजी न्युनतम रू. १०,२५,७१,५५,६००/– (अक्षेरुपी दश अर्ब पच्चीस करोड एकहत्तर लाख पच्पन्न हजार छ सय मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले १०,२५,७१,५५६ (दश करोड पच्चीस लाख एकहत्तर हजार पाँच सय छपन्न थान) साधारण सेयरमा विभाजित गरिएको छ ।

**दफा ५(ग)** : बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रू. १०,२५,७१,५५,६००/– (अक्षेरुपी दश अर्ब पच्चीस करोड एकहत्तर लाख पच्पन्न हजार छ सय मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले १०,२५,७१,५५६ (दश करोड पच्चीस लाख एकहत्तर हजार पाँच सय छपन्न थान) साधारण सेयरमा विभाजित गरिएको छ ।



MachhapuchchhreBank Ltd. Head Office

**नियमावली**

**नियम २९(१)(क)** : सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. २०,०००/– (अक्षेरुपी बीस हजार मात्र) र सञ्चालकले पाउने बैठक भत्ता रु. १७,०००/– (अक्षेरुपी सत्र हजार मात्र) हुने छ ।

**नियम २९(१)(घ)** : मोबाईल, पत्रपत्रिका तथा ईन्टरनेट खर्च प्रति महिना रु. १५,०००/– (अक्षेरुपी पन्ध्र हजार मात्र) पाउने छ ।

**नियम २९(१)(च)** : प्रत्येक संचालकको लागि रु. १,२५,०००/– (अक्षेरुपी एक लाख पच्चीस हजार मात्र) रकमको औषधी उपचार बीमा गरिने छ ।

**ग. बिविध ।**

विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

## १२. सभापतिज्यूबाट प्रस्तावहरु पारित भएको घोषणा र सभाको विसर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत्त रुपमा पारित भएको घोषणा गर्नु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा भौतिक रुपमा तथा भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरी दिनु भएकोमा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै आजको यो तेइसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ............... | Machhapuchchhre Bank Ltd. Head Office | ............... |
| टिका भट्टराई | | डा. बिरेन्द्र प्रसाद महतो |
| कम्पनी सचिव | | सभाका सभापति/अध्यक्ष |